मायादेवी गाउँपालिकाका बासिन्दालाई निःशुल्क रुपमा रगत उपलब्ध गराउने सम्बन्धमा भएको

## सम्झौता-पत्र

श्री मायादेवी गाउँ कार्यपालिकाको कार्यलय, बरेवा, रुपन्देही (यस पछि "गाउँपालिका" भनिने) र नेपाल रेडक्रस सोसाइटी रुपन्देही जिल्ला शाखा अन्तर्गतको रक्तसंचार सेवा केन्द्र, बुटवल/भैरहवा (यसपछि "रक्तसंचार सेवा" भनिने) बिच मायादेवी गाउँपालिकाका बासिन्दालाई निःशुल्क रगत उपलब्ध गराउने सम्बन्धमा देहाय बमोजिम शर्त पालना गर्ने दुवैपक्षका प्रतिनिधीहरुबिच सहमति भई यस सम्झौता पत्रमा सही छाप गरी एक एक प्रति बुझिलियौ ।

**उद्देश्यः**

१. मायादेवी गाउँपालिकाका बासिन्दा र कार्यरत कर्मचारी तथा तिनका परिवारलाई निःशुल्क रगत उपलब्ध गराउने ।

२. मायादेवी गाउँपालिकाबट रक्तसंचार सेवा बुटवल/भैरहवाको लागि मायादेवी गाउँपालिका भित्र रगत संकलन कार्यमा सहयोग गर्ने ।

**सहमतिका बुदाँ तथा शर्तहरुः**

१. मायादेवी गाउँपालिका बासिन्दाहरुलाई रक्तसंचार सेवा बुटवल/भैरहवाले गाउँपालिकाका बासिन्दालाई गाउँपालिकाले सोधभर्ना गर्ने गरी निःशुल्क उपलब्ध गराउने छ ।

२. रुपन्देही जिल्ला शाखाको रक्तसंचार सेवा बुटवल/भैरहवाले तोकेको शुल्कमा रक्तसंचार सेवा उपलब्ध गराइनेछ ।

३. गाउँपालिकाले रुपन्देही जिल्लामा संचालित नेपाल रेडक्र सोसाइटी रक्तसंचार सेवा केन्द्र बुटवल वा सिद्धार्थनगर रुपन्देहीलाई अग्रिम रुपमा सेवा शुल्क वापतको रकम निकासा गरी दिनु पर्नेछ ।

४. रक्तसंचार सेवा बुटवल/भैरहवाले रक्तसंचार सेवाको खर्च विवरण सहतिको प्रतिवेदन प्रत्येक महिनाको सात गतेभित्र बिल सहित गाउँपालिका समक्ष आइपुग्ने गरी पठाउनु पर्नेछ । अग्रिम रुपमा जम्मा भएको रकम २० प्रतिशत भन्दा कम भए पुनःअग्रिम भुक्तानीमा लागि माग गरिनेछ ।

५. यसरी "रक्तसंचार सेवा बुटवल/भैरहवा" ले आर्थिक प्रतिवेदन पठाउँदा सेवा प्रदान गरिएको व्यक्तिको नामावली र उपलब्ध गराइएको रगत वा रक्ततत्वको किसिम तथा लागेको शुल्क सहित निम्न काजगातहरु संलग्न गर्नेछ ।

क) निःशुल्क रगतको सेवा लिनुपर्ने वा लिएको व्यक्ति गाउँपालिकाको बासिन्दा भएको प्रमाणित हुने कुनै किसिमको कागजात (नेपाली नागरिकता, मतदाता परिचय पत्र, चालक अनुमति पत्र, राहदानी पत्र आदी) को प्रतिलिपी बिरामीका आफन्तले रक्तसंचार सेवा रगत वा रक्ततत्व लिन आउँदा पेश गर्नु पर्नेछ ।

ख) आपतकालिन अवस्थामा आकस्मिक रगत लिनु पर्ने भई सम्बन्धित व्यक्तिले अन्य कागजात पेश गर्न नसकेको अवस्थामा रगत शुल्क नगद भुक्तानी गर्ने र पछि कागजात पेश गरेमा फिर्ता गरिने छ । (१५ दिन भित्र)

मायादेवी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बरेवा, रुपन्देही लुम्बिनी प्रदेश

NRCS Rupandehi Blood Transfusion Service Centre Butwal 2034

नेपाल रेडक्रस सोसाइटी रुपन्देही जिल्ला शाखा सिद्धार्थनगर

ग) आपतकालिन अवस्थामा आकास्मिक रगत लिनु पर्ने भई सम्बन्धित व्यक्तिले अन्य काजगात पेश गर्न नसेको र रगतको शुल्क नगद भुक्तानी गर्न नसक्ने अवस्थामा रक्तसंचार सेवाबाट तयार गरिएको फारममा सम्बन्धित वडा अध्यक्षसँग फोन वर्ता पछि प्रमाणित भएको जानकारी खुल्ने गरी पालिका अध्यक्ष/उपाध्यक्ष वा वडा अध्यक्षको नाम र मोबाइल नम्बर उल्लेख गर्नु पर्नेछ र सो फारमको प्रतिलिपी समावेश गरी पठाउनु पर्नेछ ।

६. अस्पतालमा लगिएको रगत प्रयोग नभएमा गुणस्तर नबिगारी २४ घण्टा भित्र फिर्ता गर्न गराउन बिरामीका आफन्तहरुलाई उत्पेरित गराउने संयुक्त जिम्मेवारी हुनेछ । त्यस्तै गाउँपालिका क्षेत्रभित्र रक्तदान उत्प्रेरण कार्यक्रम आयोजना गर्न गराउन गाउँपालिकाले बार्षिक कार्यक्रमको योजना बनाई कार्यान्वयनमा प्रथामिकता दिनेछ ।

७. गाउँपालिकाले हरेक वडाहरुमा पालो मिलाई कम्तिमा वर्षको २ वटा रक्त संकलन शिविर रक्तसंचार सेवाको प्राविधिक सहयोगमा आयोजना गर्नेछ ।

८. आपसी सहमतिमा सम्झौताको अवधि र शर्त थपघट गर्न गराउन सकिने छ ।

९. प्रत्येक बर्ष कम्तिमा १ पटक दुबै पक्षाको सहभागितामा समिक्षा बैठक आयोजना गरिने छ ।

१०. यो सम्झौता अवधि २०८३ साल असार मसान्त सम्म हुनेछ ।

**गाउँपालिकाको तर्फबाट**

नामः ध्रुवनारायण चौधरी

पदः अध्यक्ष

हस्ताक्षरः

कार्यालयको छाप

ध्रुव नारायण चौधरी
अध्यक्ष

मायादेवी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बरेवा, रुपन्देही
लुम्बिनी प्रदेश

**साक्षी**

१. नामः सुरेश भण्डारी

पदः प्रमुख प्रशासकीय अधिकृत

हस्ताक्षरः

प्रमुख प्रशासकीय अधिकृत

इति सम्बत् २०७९ साल ..........

**नेरसो रक्तसंचार सेवा बुटवलको तर्फबाट**

नामः दिपक क्षेत्री न्यौपाने

पदः सभापती (ने.रे.सो.रुपन्देही जिल्ला शाखा)

हस्ताक्षरः

कार्यालयको छापः

नेपाल रेडक्रस सोसाइटी
रुपन्देही जिल्ला शाखा
सिद्धार्थनगर

२. नामः बिपिन कुमार मिश्र

पदः सभापती(ने.रे.सो. मायादेवी उपशाखा)

हस्ताक्षरः

NRCS Rupandehi Chapter
Blood Transfusion Service Centre
Butwal
2034